# ख्रीष्टमा जीवित



# ख्रीष्टमा जीवित

## *Alive in Christ*

उद्धार विषयको अध्ययन

स्वयम्-अध्ययन पाठ्यपुस्तक

लेखकः डेविड डी. डंकन

अनुवादकः बाल कृष्ण शर्मा

आई सी आई युनिभर्सिटी

प्रकाशक

आई सी आई युनिभर्सिटी
पो. ब. नं. ४२४५
काठमाण्डौ, नेपाल।

© १९९८ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी
काठमाण्डौ, नेपाल।

प्रति २,०००

ICI University
First Edition 1998
**Alive in Christ**

Published by:
ICI University
P. O. Box 4245
Kathmandu, Nepal

# विषय सूची


पृष्ठ

पाठ्यपुस्तक परिचय.............................................. ५

पाठ

**भाग एकः** परमेश्वरले के माग गर्नुहुन्छ?

**१**. मानिसको उद्धार तयार पारियो........................ १६

**२**. मानिसले आफ्नो मार्ग बद्लन्छः पश्चात्ताप......... ५०

**३**. मानिसले परमेश्वरमा भरोसा राख्छः विश्वास..... ८४

**४**. मानिस परमेश्वरमा फर्किन्छः जीवन परिवर्तन... १२०

**भाग दुईः** परमेश्वरले के जुटाउनुहुन्छ?

**५**. उद्धारमा परमेश्वरको इच्छा.......................... १५२

**६**. परमेश्वरले नयाँ सृष्टि बनाउनुहुन्छः नयाँ जन्म.... १८८

**७**. परमेश्वरले अब मानिस दोषी छैन भनी........... २२८
घोषणा गर्नुहुन्छः धर्मीकरण

**८**. परमेश्वरले मानिसलाई आफ्नो परिवारभित्र........ २६८
लैजानुहुन्छः दत्तकग्रहिता (धर्म-पुत्र)

**भाग तीनः** परमेश्वरले के पूर्ण गर्नुहुन्छ?

**९**. मानिसको स्वभावलाई पूर्ण गराउने..................... ३०६
प्रक्रियाः शुद्धीकरण

**१०**. मानिसको उद्धारको पूर्णताः महिमितकरण........... ३४४

शब्दकोश........................................................ ३७८

स्वयम्-जाँचका उत्तरहरू......................................... ३८८

## आई. सी. आई. ख्रीष्टियान सेवा कार्यक्रम

आई. सी. आई. ख्रीष्टियान सेवा कार्यक्रमका १८ वटा पाठ्यपुस्तकहरूमध्ये यो एउटा पाठ्यपुस्तक हो। बाँयापट्टि दिइएको चिन्हले यो पुस्तकलाई कहिले पढिनुपर्छ भन्ने कुराको बोध गराउँछ। यी पाठ्यपुस्तकहरूलाई ६, ६ वटा पुस्तक गरी तीन खण्डमा विभाजन गरिएको छ। ख्रीष्टमा जीवित भनिने यो पुस्तक भाग २ को तेस्रो पाठ्यपुस्तक हो। पाठ्यपुस्तकहरूलाई उचित क्रममा अध्ययन गर्नाले तपाईंले यसबाट धेरै फायदा उठाउन सक्नुहुन्छ।

ख्रीष्टियान सेवा कार्यक्रमका अध्ययन विषयहरूलाई ख्रीष्टियान सेवकहरूले विशेष रूपमा प्रयोग गर्न सकून् भन्ने उद्देश्य राखी स्वयम्-अध्ययन प्रणालीको विकास गरी तयार पारिएको छ। यी पाठ्यक्रमहरूले एक विद्यार्थीलाई व्यावहारिक ख्रीष्टियान सेवामा खाँचो पर्ने बाइबल ज्ञान र कुशलता प्रदान गर्नेछन्। तपाईंले यो पाठ्यक्रम प्रमाणपत्र पाउनलाई वा व्यक्तिगत उन्नतिको लागि अध्ययन गर्नसक्नुहुन्छ।

कृपया, पाठ्यपुस्तकको परिचयलाई बडो होशियारीसाथ पढ्नुहोस्। पाठ्यपुस्तकका उद्देश्यहरूको प्राप्तिको निम्ति तपाईंले यी सबै निर्देशनहरूलाई पालन गर्नु महत्त्वपूर्ण छ र त्यसपछि विद्यार्थी प्रतिवेदनहरूको निम्ति तयारी हुनुहोस्।

यस पाठ्यपुस्तक सम्बन्धी सबै चिट्ठी पत्रहरू आई. सी. आई.को ठेगानामा पठाउनुहोला।

# पाठ्यक्रमको परिचय

उद्धार भन्ने एक महत्त्वपूर्ण विषयको तपाईं अध्ययन गर्न जाँदै हुनुहुन्छ। हाम्रो निम्ति कलवरीमा किनिएका सबै कुरा उद्धार विषयमा समावेश गरिएको छ। यसको साथसाथै यसले हाम्रो हरेक आत्मिक खाँचोको पनि पूर्ति गर्छ। उद्धारमा, बितेको समयका पापहरूको क्षमा, वर्तमान समयमा पापको शक्तिद्वारा छुटकारा, र भविष्यमा पापको दबाबको विरुद्धमा सुरक्षित जस्ता कुराहरूको समावेश गरिएको छ (यहूदा २४)।

उद्धार भविष्यको आशा र वर्तमान आनन्द दुवैको मुहान हो। तरै पनि धेरै ख्रीष्टियानहरूलाई उद्धार वर्तमान आनन्द हो भन्ने कुरा अलिकति वा पूरैनै थाहा छैन। तिनीहरूले उद्धारलाई स्वर्ग पुग्ने बाटोको रूपमा मात्र विचार गर्छन्। तर, जब हामी परमेश्वरको वचनलाई हेर्छौं, र वचनले नै यो स्पष्ट पार्छ, कि जस जसले उद्धारको वरदानको भाग लिन्छन् तिनीहरूले १) ज्ञान प्राप्त गर्छन्, २) पवित्र आत्मामा सहभागी हुन्छन्, ३) परमेश्वरको वचनको भलाइको स्वाद पाउँछन्, र ४) आउने युगको स्वादको अनुभव पाइसकेका हुन्छन् (हिब्रू ६:४-५)। यसरी ख्रीष्टियानहरूले यस पृथ्वीमा प्रभुसँग हिँड्दा असीमित उत्सुक्ता र स्वर्गको भविष्यत् आनन्दको अनुभव गर्छन्।

उद्धारको पृष्ठभूमिको होशियारीसाथ विचार गरिसकेपछि, तपाईंले एउटा पापीले पाप (पश्चात्ताप) बाट परमेश्वर (विश्वास)मा फर्किएर उसको जीवन स्तर (जीवन परिवर्तन) को सामना गर्दा घट्ने घटनाहरूका साङ्लोलाई विचार गर्नुहुनेछ। तपाईंले, नयाँ विश्वासीले नयाँ स्वभाव (नयाँ जन्म) पाएपछि यस नयाँ जन्मका नतिजाहरूलाई पनि मूल्याङ्कन गर्नुहुनेछ। त्यसको साथसाथै परमेश्वरको अगाडि नयाँ उभ्याइ (धर्मीकरण) र परमेश्वरको परिवारमा नयाँ स्थान (दत्तकग्रहिता) जस्ता

विषयहरूमा पनि छलफल गर्नुहुनेछ। र अन्तमा विश्वासीले मुक्तिको अनुभव गरेपछि ऊ आत्मिक रूपमा दिन प्रतिदिन बढ्नुपर्ने जिम्मेवारीको बारेमा पनि तपाईंले विचार गर्नुहुनेछ। अपरिपक्व ख्रीष्टियानको निम्ति ख्रीष्ट र उहाँको उद्धार गर्ने शक्ति अर्थहीन हुनसक्छ। यस्तो व्यक्तिमा आत्मिक विकासको कमी हुन्छ किनभने उसलाई आत्मिक भोजनकै कमी भएको हुन्छ (१ कोरिन्थी ३:१-३; हिब्रू ५:११-१४)।

तपाईंले सिक्नुहुनेछ, कि अज्ञान र तटस्थताले आत्मिक वृद्धि र विकासमा बाधा पुऱ्याउँछ। अज्ञानतामाथि परमेश्वरको वचनको पढाइ र मुक्ति (उद्धार)को महत्त्वपूर्णताको बुझाइबाट विजयी प्राप्त गर्नसकिन्छ। यद्यपि, तटस्थतामाथि तपाईंको हृदयमा पवित्र आत्माको कामद्वारा मात्र विजयी प्राप्त गर्नसकिन्छ। यसको निम्ति तपाईंले आफैलाई उहाँकहाँ समर्पण गर्नुपर्छ र उहाँको धार्मिकताको निम्ति भोकाउनु र तिर्खाउनुपर्छ। जसबाट स्वस्थ आत्मिक भोक तपाईंमा छ भन्ने कुराको थाहा हुन्छ।

जब तपाईंले ख्रीष्टियानहरूका हृदयमा पवित्र आत्माको काम, तिनीहरूको आत्मिक जीवनलाई पूर्ण गराउने र तिनीहरूलाई फलदायक परिपक्वतामा ल्याउने उहाँको इच्छाको बारेमा विचार गर्नुहुन्छ, तपाईंले उहाँको तरीका र उद्देश्यको विषयमा पनि सिक्नुहुनेछ। यसले तपाईंको जीवनलाई सुशोभित पार्नेछ। मेरो प्रार्थना यही छ कि यो पाठ्यक्रमको फलस्वरूप तपाईं आफ्नो मुक्तिप्रति अझै कृतज्ञ हुन सक्नुहुनेछ, यसलाई अझै उत्तम तरीकाले बुझ्न सक्नुहुनेछ र यसलाई अझै प्रभावशाली ढङ्गले अरूहरूलाई पनि बताउन सक्नुहुनेछ।

**पाठ्यक्रमको वर्णन**

*ख्रीष्टमा जीवितः* उद्धारको विषयको अध्ययनले उद्धारको सिद्धान्तको बारेमा वर्णन गरेको छ। यसले उद्धारलाई ख्रीष्टको प्रायश्चितको काममा आधारित दुवै परमेश्वरको इच्छा र काम

हो भनी प्रस्तुत गरेको छ। प्राथमिक विचारमा मुक्तिको मुहान परमेश्वरको अनुग्रहलाई दिइएको छ। चुनाव र पूर्व नियुक्तिको बारेका बाइबलका शिक्षाहरूलाई पृष्ठभूमि बनाई उद्धारमा परमेश्वर र मानिसको कामको विषयमा पनि विचार गरिएको छ। उद्धारको प्रक्रिया र उन्नतिमा परमेश्वरको प्रारम्भ हो वा मानिसको हो भन्ने एकतर्फी मात्र जोड दिने विचारधाराहरूलाई हटाउने कोशिश गरिएको छ। यस अध्ययनमा पश्चात्ताप, विश्वास, जीवन परिवर्तन, धर्मीकरण, दत्तकग्रहिता, शुद्धीकरण र महिमितकरण जस्ता बाइबलका शिक्षाहरूको समावेश गरिएको छ।

**पाठ्यक्रमका उद्देश्यहरू**

यो पाठ्यक्रमको अध्ययन गरिसकेपछि तपाईंले यी उद्देश्यहरू प्राप्त गर्न सक्नुपर्नेछः

१. उद्धारमा परमेश्वर र मानिसको बेग्ला बेग्लै कर्तव्यको बारेमा छलफल गर्न सक्नुपर्नेछ।

२. उद्धारका कदमहरूलाई तार्किक क्रममा मिलाएर राख्न सक्नुपर्नेछ।

३. उद्धारको निश्चयताको बारेमा बाइबलको आधारलाई व्याख्या गर्न सक्नुपर्नेछ।

४. बाइबलमा प्रस्तुत गरिएको मुक्तिको तरीकासँग नमिल्ने कुनै पनि अरू बाइबल आधारित नभएका विचारहरूलाई खण्डन गर्न सक्नुपर्नेछ।

५. परमेश्वरको मुक्तिमा प्रकट भएको उहाँका प्रेम, अनुग्रह र बुद्धिमा गहिरो रूपले कृतज्ञ हुन सक्नुपर्नेछ।

**पाठ्यपुस्तक**

तपाईंले *'ख्रीष्टमा जीवित'* भन्ने पुस्तक प्रयोग गर्नुहुनेछः डेविड डंकनद्वारा लिखित उद्धारको विषयको अध्ययन भनिने यो पुस्तक पाठ्यक्रमको निम्ति अध्ययन सहायक र पाठ्यपुस्तक दुवै हुनेछ।

**अध्ययन समय**

प्रत्येक पाठ अध्ययन गर्दा तपाईंलाई कति समय लाग्छ भन्ने कुरा यो पाठ्यक्रम शुरू गर्नुभन्दा पहिल्यै यस विषयवस्तुमा भएको तपाईंको ज्ञान र तपाईंको अध्ययन गर्ने खुबीमा भरपर्छ। तपाईंले प्रत्येक पाठमा दिनुपर्ने समय तपाईंले पालन गर्नुभएको निर्देशनहरूमा र स्वयम् अध्ययनको निम्ति आवश्यक खुबीहरूको विकासमा पनि भर पर्दछ। यस पाठ्यक्रममा लेखकले बताउनुभएका उद्देश्यहरू प्राप्त गर्न र आफ्नै व्यक्तिगत उद्देश्यहरूमा पुग्नको निम्ति आफ्नो अध्ययन समय तालिकाको योजना बनाउनुहोस् र आवश्यक समय पनि दिनुहोस्।

**पाठ संगठन र अध्ययन नमूना**

प्रत्येक पाठमा यी विषयहरू समावेश गरिएका छन्ः १) पाठको शीर्षक, २) प्रारम्भिक बयान, ३) पाठको रूपरेखा, ४) पाठका उद्देश्यहरू, ५) सिक्ने क्रियाकलाप, ६) मुख्य शब्दहरू, ७) अध्ययन प्रश्नहरूका साथसाथै पाठको विकास, ८) स्वयम्-जाँच (पाठको विकासको अन्तमा), ९) अध्ययन प्रश्नहरूका उत्तरहरू।

पाठको रूपरेखा र उद्देश्यहरूले तपाईंलाई विषयको संक्षिप्त परिचय गराउँछन्, अध्ययन गर्दा तपाईंको ध्यानलाई सबैभन्दा महत्त्वपूर्ण विषयमा केन्द्रित गर्न सहायता गर्छन्, र तपाईंले के सिक्नुपर्छ सो बताउँछन्।

पाठको विकासका प्रायजसो अध्ययन प्रश्नहरूका उत्तरहरू अध्ययन सहायकमा दिइएको खाली ठाउँमा नै दिनसकिन्छ। लामो उत्तरहरू अभ्यास पुस्तिकामा लेखिनुपर्छ। तपाईंले आफ्नो अभ्यास-पुस्तिकामा उत्तरहरू लेख्नुहुँदा पाठको शीर्षक र संख्या लेख्न नभुल्नुहोला। यसले तपाईंलाई विद्यार्थी प्रतिवेदन एकाइको निम्ति दोहोऱ्याउन सहायता पुऱ्याउनेछ।

तपाईंले आफ्नो उत्तर नदिउञ्जेलसम्म दिइएका प्रश्नका उत्तरहरूलाई नहेर्नुहोस्। यदि तपाईंका आफ्नै उत्तरहरू तपाईंले दिनुभयो भने तपाईं आफूले अध्ययन गरेको कुरालाई राम्रो प्रकारले सम्झन सक्नुहुनेछ। तपाईंले अध्ययन प्रश्नहरूका उत्तर दिइसक्नुभएपछि, पाठको अन्तमा दिइएका उत्तरहरूसँग तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्। त्यसपछि तपाईंले भूल गर्नुभएका उत्तरहरूलाई सच्याउनुहोस्। तपाईंले अर्को प्रश्नको उत्तर झट्टै नदेख्नुहोस् भन्ने हेतुले उत्तरहरूलाई क्रमिक रूपमा मिलाएर राखिएका छैनन्।

यी अध्ययन प्रश्नहरू धेरै महत्त्वपूर्ण छन्। तिनीहरूले तपाईंलाई पाठमा प्रस्तुत गरिएका मुख्य विचारहरूलाई सम्झन र सिकेका सिद्धान्तहरूलाई व्यवहारमा प्रयोग गर्ने सहायता पुऱ्याउँछन्।

**प्रश्नहरूका उत्तर कसरी दिने?**

यस अध्ययन सहायकमा विभिन्न प्रकारका अध्ययन प्रश्नहरू र स्वयम्-जाँचका प्रश्नहरू समावेश गरिएका छन्। तल विभिन्न प्रश्नहरूका नमूनाहरू र तिनीहरूलाई कसरी उत्तर दिनुपर्छ भन्ने कुरा देखाइएको छ। यदि त्यहाँ अर्कै प्रकारका प्रश्नहरू समावेश गरिएका छन् भने विशेष निर्देशन दिइनेछ।

***ठीक उत्तर चुन्नु पर्ने प्रश्नले*** तपाईंलाई दिइएका विभिन्न उत्तरहरूबाट ठीक उत्तर चुन्न लगाउँछ।

*उदाहरण*

**१**. बाइबलमा कतिवटा पुस्तकहरू छन्?
**क**. १०० पुस्तकहरू
**ख**. ६६ पुस्तकहरू
**ग**. २७ पुस्तकहरू

ठीक उत्तरचाहिँ ६६ वटा पुस्तकहरू हो। यहाँ तल देखाइएको जस्तै तपाईंको अध्ययन सहायक पुस्तिकामा ख) को वरिपरि घेरा लगाउनुहोस्ः

**१**. बाइबलमा कतिवटा पुस्तकहरू छन्?
**क**. १०० पुस्तकहरू
(**ख**.) ६६ पुस्तकहरू
**ग**. २७ पुस्तकहरू

(कुनै कुनै ठीक उत्तर चुन्ने प्रश्नमा एकभन्दा बढी उत्तरहरू ठीक हुनसक्छन्। यदि यस्तो छ भने ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।)

***ठीक-बेठीक प्रश्नहरूले*** तपाईंलाई दिइएका वाक्यहरूबाट कुन कुन ठीक हुन्? सो छान्न लगाउँछ।

*उदाहरण*

**२**. तल दिइएका कुन कुन बयानहरू ठीक छन्?
**क**. बाइबलमा जम्मा १२० वटा पुस्तकहरू छन्।
(**ख**.) बाइबल आजका विश्वासीहरूका निम्ति परमेश्वरको सन्देश हो।
**ग**. बाइबलका लेखकहरू सबैले हिब्रू भाषामा लेखे।
(**घ**.) बाइबल लेख्ने व्यक्तिहरूलाई पवित्र आत्माले प्रेरणा दिनुभएको थियो।

माथि दिइएका बयानहरूमध्ये **ख** र **घ** ठीक छन्। माथि देख्नुभए जस्तै तपाईंले छान्नुभएका यी दुई अक्षरहरूमा घेरा लगाउनुहोस्।

***जोडा मिलाउने प्रश्नले*** तपाईंलाई दिइएका मिल्दोजुल्दो कुराहरूबाट ठीक कुरा मिलाउन लगाउँछ। जस्तै नामहरूसँग वर्णन अथवा बाइबलका पुस्तकहरूसँग तिनीहरूका लेखकहरूको जोडा मिलाउनसकिन्छ।

*उदाहरण*

**३**. प्रत्येक बयानको अगाडि अगुवाले गरेको कामको वर्णनमा उसको संख्या लेख्नुहोस्।

| | | |
|---|---|---|
| १ | **क.** सीनै पर्वतमा व्यवस्था पाएको | १) मोशा |
| २ | **ख.** इस्राएलीहरूलाई यर्दन नदी पार गराएको | २) यहोशू |
| २ | **ग.** यरीहो शहरको वरिपरि घुमेको | |
| १ | **घ.** फिरऊन राजाको दरबारमा बसेको | |

**क** र **घ** मा दिइएको बयान मोशाको जीवनीसँग र **ख** र **ग** मा भएको बयान यहोशूसँग मिल्छ। माथि देखाएजस्तै तपाईंले १ संख्या **क** र **घ** को पछाडि र २ संख्या **ख** र **ग** को पछाडि लेख्न सक्नुहुन्छ।

## यो पाठ्यक्रम अध्ययन गर्ने तरीका

यदि तपाईंले यो आई.सी.आई.पाठ्यक्रम आफैलेनै अध्ययन गर्नुभयो भने, तपाईंले गर्नुभएका सबै काम हुलाकद्वारा पूरा गर्न सकिन्छ। आई सी.आई.ले यो पाठ्यक्रम तपाईं आफैले एकलै अध्ययन गर्ने तरीकाले बनाएको भए तापनि तपाईंले यो समूह वा

कक्षामा पनि अध्ययन गर्न सक्नुहुन्छ। यदि तपाईंले यो गर्नुभयो भने, निर्देशकले (शिक्षकले) यस पुस्तकमा दिएका सुझावहरू बाहेक अरू सुझावहरू दिन सक्नुहुनेछ। यदि यसो हो भने उहाँका सुझावहरू पालन गर्नुहोस्।

हुनसक्छ तपाईं यो पाठ्यक्रमलाई घरेलु बाइबल अध्ययन समूहमा, मण्डलीको एक कक्षामा, वा बाइबल स्कूलमा प्रयोग गर्ने इच्छा गर्नुहुन्छ। तपाईंले यी उद्देश्यहरूका निम्ति विषयवस्तुहरू र अध्ययन तरीकाहरू दुवै उत्तम तरीकाले प्रस्तुत गरिएको भेट्टाउनुहुनेछ।

## विद्यार्थी एकाइ प्रतिवेदन

यदि तपाईंले आई.सी.आई.सँग स्वतन्त्र रूपमा वा समूहमा वा कक्षामा अध्ययन गरिरहनुभएको छ भने, तपाईंले यो पाठसँग आफ्नो विद्यार्थी एकाइ प्रतिवेदन पनि पाउनुभएको छ। यिनीहरूलाई पाठ्यक्रममा र विद्यार्थी एकाइ प्रतिवेदनमा समावेश गरिएका निर्देशनअनुसार उत्तर दिइनुपर्दछ। तपाईंले आफ्नो उत्तर-पुस्तिका पूरा गरेर तिनीहरूलाई जाँच्न र आफ्ना काममा सल्लाहहरू प्राप्त गर्नको निम्ति आफ्नो निर्देशककहाँ पठाउनुपर्छ।

## प्रमाण-पत्र

पाठ्यक्रमको सफलतापूर्वक समाप्त गरी तपाईंको निर्देशकद्वारा पाएको विद्यार्थी एकाइ प्रतिवेदन को अन्तिम अङ्कको आधारमा तपाईंले इनामको प्रमाण-पत्र प्राप्त गर्नुहुनेछ।

## तपाईंका आई. सी. आई. निर्देशक

तपाईंका आई.सी.आई. निर्देशक तपाईंलाई सकेसम्म सहायता गर्न चाहनुहुन्छ। यदि यस पाठ सम्बन्धी तपाईंका केही प्रश्नहरू छन् भने, उहाँसँग खुला रूपमा सोध्न सक्नुहुन्छ। यदि सामुहिक रूपमा यस पाठको अध्ययन गर्ने विचार गर्नुभएको भए पनि आफ्नो निर्देशकसँग अनुरोध गर्नुहोस्।

*ख्रीष्टमा जीवितः* उद्धार विषयको एक अध्ययनमा परमेश्वरले तपाईंलाई आशिष देऊन। यस पाठ्यक्रमको अध्ययनले तपाईंको ख्रीष्टियान सेवामा सहायता पुऱ्याएको होस् र ख्रीष्टको शरीरमा अझ प्रभावशाली ढङ्गले सेवा गर्न सक्नुहोस् भन्ने हाम्रो आशा छ।